मालिकार्जुन गाउँपालिका
Malikarjun Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive

शंकरपुर, दार्चुला
सुदूरपश्चिम, नेपाल

प.सं.
२०८०/८१

# कृषि स्नातक अधिकृत करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना।

(प्रथम पटक प्रकाशित मितिः- २०८१-०१-२७)

यस मालिकार्जुन गाउँपालिका कृषि विकास शाखाका लागि आवश्यक कृषि स्नातक अधिकृत (छैठौ) पद खुला प्रतिस्पर्धाबाट करारमा पदपूर्तीका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले ७ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस गाउँपालिकाको कार्यालयमा निवेदन पेश गर्न यो सचना प्रकाशन गरिएको छ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | ९१-२०८०/०८१ | कृषि स्नातक अधिकृत | स्थानीय सेवाको अधिकृत छैठौ तह सरह | १ (एक) जना |

**१. आवश्यक न्यूनतम योग्यता :-**
(क) मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा कम्तिमा स्नातक तह उतिर्ण भएको।
(ख) उमेरः- कम्तीमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र समावेशीको हकमा ४० बर्ष ननाघेको हुनुपर्नेछ।

**२. दरखास्त दिने स्थानः-** मालिकार्जुन गाउँपालिकाको कार्यालय, शंकरपुर, दार्चुला, प्रशासन शाखा

**३. दरखास्त दिने अन्तिम मितिः-** २०८१/०२/०२ गते कार्यालय समय भित्र

**४. आवेदनको दस्तुरः-** रु. १००० /-(एक हजार मात्र) आवेदन दस्तुर स्वरुपको रकम माछापुच्छ्रे बैंक लिमिटेडमा रहेको यस गाउँपालिकाको मालिकार्जुन गाउँपालिका ग १.१ आन्तरिक राजश्व खाता, खाता नं. ०८९००६७४४९६००११५ मा जम्मा गरि सक्कल बैंक भौचर पेश गर्नुपर्नेछ।

**५. छनौटको किसिमः-**
(क) लिखित परीक्षा,
(ख) अन्तर्वार्ता।

**६. आवेदन साथ संलग्न कागजातहरुः-** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

| | |
|---|---|
| • नागरिकता | • तालिम लिएको भए सोको प्रमाणपत्र |
| • न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र | • अनुभव भए सोको कागजात |
| • चारित्रिक प्रमाणपत्र | • २ प्रति पासपोर्ट आकारको फोटो |

**७. सेवा सुविधा तथा अन्यः-** स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि २०८० को दफा ८ बमोजिम हुनेछ। (आवेदनको ढाँचा र कृषि स्नातक अधिकृत पदको कार्यविवरण, पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य विस्तृत जानकारी मालिकार्जुन गाउँपालिका वेवसाइट www.malikarjunmun.gov.np बाट उपलब्ध हुनेछ।

**नोटः-** दरखारत पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको कार्यालय समय भित्र दरखास्त पेश गर्नुपर्नेछ।

नर बहादुर ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

विभागीय मन्त्रीस्तर निर्णयबाट स्वीकृत मिति २०८०।०५।१०

## स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०८० ~~(मस्यौदा)~~

आर्थिक बर्ष २०८०/८१ को बजेट वक्तव्यको बुँदा नं.९० मा प्राविधिक ज्ञान उपलब्ध गराउन प्रत्येक स्थानीय तहमा कृषि तथा पशु विज्ञानमा स्नातक गरेका एक एक जना जनशक्ति उपलब्ध गराउने व्यवस्था उल्लेख भए बमोजिम कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्थानीय तहमा कृषि तथा पशुपन्छी विकास कार्यक्रमहरुको कार्यान्वयनमा प्राविधिक सहयोग, प्रविधि प्रसार, आवश्यक समन्वय र सहजीकरणका लागि स्थानीय तहमा करारमा कृषि स्नातक प्राविधिक परिचालन गर्न वाञ्छनीय भएकोले

नेपाल सरकार, विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयले "स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०८०" जारी गरेको छ।

### परिच्छेद १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:

(क) यो कार्यविधिको नाम "स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०८०" रहेको छ।

(ख) यो कार्यविधि स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "कृषि स्नातक प्राविधिक" भन्नाले दफा ५ बमोजिमको योग्यता पुगेका यस कार्यविधि बमोजिम छनौट भएका कृषि स्नातक वा पशु चिकित्सक वा दुवैलाई सम्झनु पर्छ।

ख) "जिल्ला स्थित कार्यालय" भन्नाले प्रदेश कृषि तथा पशुपन्छी हेर्ने मन्त्रालय अन्तर्गतको जिल्ला स्थित कृषि वा पशुपन्छी वा दुवै क्षेत्र हेर्ने कार्यालयलाई सम्झनु पर्छ।

ग) "परिषद्" भन्नाले नेपाल पशु चिकित्सा परिषद् सम्झनु पर्दछ।

घ) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश स्थित कृषि हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

ङ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई सम्झनु पर्दछ ।

च) "विभाग" भन्नाले मन्त्रालय अन्तर्गतको कृषि विभाग वा पशुसेवा विभाग वा दुवैलाई सम्झनु पर्छ।

छ) "समिति" भन्नाले दफा ४ बमोजिम गठित मूल्याङ्कन तथा सिफारिस समिति सम्झनु पर्छ।

ज) "स्थानीय तह" भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्छ।

३. कृषि स्नातक प्राविधिक सेवा करारमा परिचालन हुने: (१) प्राविधिक ज्ञान, सीप उपलब्ध गराउन कृषि स्नातक प्राविधिक करारका लागि वजेट विनियोजन भएका सवै स्थानीय तहमा कृषि तथा पशु विज्ञानमा स्नातक गरेका एक एक जना परिचालन हुनेछ।

## परिच्छेद २

## कृषि स्नातक प्राविधक छनौट तथा परिचालन

४. मुल्याङ्कन तथा सिफारिस समिति: (१) छनौट कार्यका लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा जिल्ला स्थित कार्यालयका प्रमुख वा अधिकृत प्रतिनिधि र स्थानीय तहको कृषिसंग सम्वन्धित महाशाखा/ शाखा प्रमुख सहितको मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ।

(२) उपदफा (१) वमोजिमको समितिले दफा ६ वमोजिमको प्रक्रिया अनुसार दफा ५ वमोजिमको योग्यता पुगेका दर्खास्त दिने उम्मेदवारहरुको मूल्याङ्कन गरी वैकल्पिक उम्मेदवार सहितको मूख्य उम्मेदवार छनौट गरी नियुक्तिका लागि सिफारिस गर्नेछ।

५. कृषि स्नातक प्राविधिक हुन चाहिने न्यूनतम योग्यता: (१) कृषि स्नातक प्राविधि हुन ईच्छुक उम्मेदवारहरुको न्यूनतम योग्यता देहाय वमोजिम हुनेछ।

(क) कृषि विज्ञानतर्फ मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थावाट कृषि विज्ञानमा स्नातक उत्तीर्ण भएको हुनुपर्नेछ।

(ख) पशुपन्छी विज्ञानतर्फ मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थावाट पशु चिकित्सा विषयमा B.VSc. & A.H./ B.V.Sc. वा सो सरहको स्नातक तह उत्तीर्ण नेपाल पशुचिकित्सा परिषद्मा दर्तावाल पशु चिकित्सक हुनुपर्नेछ।

६. छनौट प्रक्रिया: (१) सम्वन्धित स्थानीय तहले कृषि स्नातक छनौट कार्यको लागि अनुसूची १ र अनुसूची २ वमोजिमको कार्य विवरण तोकी अनुसूची ३ वमोजिमको ढाँचामा कम्तीमा ७ (सात) दिनको सूचना प्रकाशन गर्नुपर्नेछ।

(२) ईच्छुक उम्मेदवारहरुले उपदफा (१) वमोजिमको सूचना अनुसार अनुसुची ४ वमोजिमको विवरण संलग्न गरी आवेदन पेश गर्नुपर्नेछ।

(३) छनौट सम्वन्धी विधि एवम् कार्यहरु दफा ४ वमोजिमको समितिले प्रचलित ऐन कानून वमोजिम गर्नेछ।

डा. दीपक कुमार खराल
सचिव

CamScanner

७. <u>करार सम्झौता:</u> (१) दफा ४ वमोजिमको समितिको सिफारिसका आधारमा सम्वन्धित स्थानीय तहले निर्णय गरी छनौट गरेको उम्मेदवारलाई ७ (सात) दिनको म्याद दिई सेवा करार गर्न सूचना दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधि भित्र करार सम्झौता गर्न आउने उम्मेदवारसँग कार्यालयले अनुसूची १ (कृषितर्फ) र अनुसूची २ (पशुपन्छीतर्फ) वमोजिमको कार्यविवरण अनुसार अनुसूची ५ बमोजिमको ढाँचामा करार गर्नुपर्नेछ। उक्त अवधि भित्र सम्झौता गर्नका लागि सम्पर्क राख्न नआएमा क्रमश: वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार गर्न सकिनेछ।

(३) उपदफा (२) वमोजिम करार गर्दा सम्वन्धित स्थानीय तहले नियुक्त भएको व्यक्तिले करार समाप्त नभई काम छाडी गएमा क्रमश: वैकल्पिक उम्मेदवारलाई सम्वन्धित स्थानीय तहले निर्णय गरी नियुक्त गर्न सक्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि करारमा नियुक्त व्यक्तिले काम छाडी गएमा र वैकल्पिक अन्य व्यक्ति नभएमा पुनः सूचना प्रकाशन गरी छनौट गरी बाँकी अवधिको लागि करार गर्नु पर्नेछ।

(५) यस कार्यविधि वमोजिम करार अवधि चालू आर्थिक वर्षको असार मसान्तसम्म मात्र हुनेछ। श्रोत सुनिश्चितताको आधारमा करार सम्झौतालाई निरन्तरता दिन सकिनेछ।

(६) यस कार्यविधि अनुसार करार सम्झौता गरिएको कृषि स्नातक प्राविधिकको अनुसूची ४ वमोजिमको वैयक्तिक विवरण सम्वन्धित विभागमा पठाउनु पर्नेछ।

८. <u>पारिश्रमिक र सेवा सुविधा:</u> (१) यस कार्यविधि वमोजिम सेवा करार सम्झौता गरिएको कृषि स्नातकको मासिक पारिश्रमिक अधिकृतस्तर छैठौं तहको शुरु स्केल सरह हुनेछ।

(२) अन्य सेवा सुविधाको हकमा सम्वन्धित स्थानीय तहले प्रचलित नियम अनुसार करार सम्झौतामा उल्लेख गरी प्रदान गर्न सक्नेछ।

९. <u>कृषि स्नातक प्राविधिकको काम, कर्तव्य र जिम्मेवारी:</u> (१) स्थानीय तहको कृषि तथा पशुपन्छी विकास सम्वन्धी विभिन्न क्रियाकलापहरुको सञ्चालन तथा सहजीकरण, नियमित प्रतिवेदन, सरोकारवालाहरुसंगको समन्वय, योजना तर्जुमा प्रक्रिया, तथ्याङ्क संकलन तथा अध्ययन लगायत अनुसूची १ र अनुसूची २ मा उल्लेख भएका विषयहरु कृषि स्नातक प्राविधिकको काम, कर्तव्य र जिम्मेवारीहरु हुनेछन्।

१०. सुपरिवेक्षणमा रहनुपर्ने: (१) यस कार्यविधि वमोजिम सेवा करार गरी परिचालन गरिएको कृषि स्नातक प्रावधिक पालिकाको प्रमुख प्रशासकीय अधिकृत वा नीजले तोकेको कर्मचारीको सुपरिवेक्षणमा रही कार्य गर्नुपर्नेछ।

(२) यस कार्यविधि बमोजिम खटिएका स्नातक प्राविधिकले स्वीकृत वार्षिक कार्य योजना अनुसार मासिक कामको प्रगति विवरण अनुसूची ६ को ढाँचामा प्रत्येक महिनाको २ गते आफ्नो सुपरिवेक्षक समक्ष पेश गर्नुपर्नेछ।

## परिच्छेद ३
## विविध

**११. आर्थिक पक्ष:** (१) यस कार्यविधि बमोजिम कृषि स्नातक प्राविधिक स्थानीय तह अन्तर्गत सेवा करारमा खटाउन वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत भएको हुनुपर्नेछ।

(२) दफा (१) बमोजिम सालवसाली स्वीकृत कार्यक्रम तथा बजेटको सीमा भित्र रही सेवा करारमा कृषि स्नातक प्राविधिक खटाउनु पर्नेछ।

**१२. संशोधन तथा खारेज:** (१) यस कार्यविधिमा मन्त्रालयले आवश्यकता अनुसार संशोधन तथा खारेज गर्न सक्नेछ।

डा. दीपक कुमार खराल
सचिव

CamScanner

अनुसूची १

<u>करारमा लिने कृषि स्नातक प्राविधिकको (कृषि विज्ञान तर्फ) कार्यविवरण</u>

(दफा ६(१) सँग सम्वन्धित)

१) स्थानीय तहको कृषि विकास सम्वन्धी गर्नु पर्ने विभिन्न क्रियाकलापहरुको संचालनमा सहयोग गर्ने ।

२) स्थानीय तहमा वित्तीय हस्तान्तरण भएका कार्यक्रमहरुको कार्यान्वनका लागि सहजीकरण गर्ने।

३) पालिका अन्तर्गत संचालित कृषि कार्यक्रमहरुको मासिक, त्रैमासिक र वार्षिक प्रगतिहरु निर्धारित ढाँचामा सम्वन्धित निकायमा संप्रेषण गर्न सहयोग गर्ने।

४) पालिकालाई किसान सूचीकरण, कृषि तथ्याँक अध्यावधिक गर्ने।

५) वजार पूर्वाधार, नर्सरी, एग्रोभेट, स्थानीय तहमा दर्ता भएका कृषि सहकारी, समूह तथा कृषि उद्यमहरुको विवरण सहितको पालिका स्तरिय कृषि प्रोफाइल तयार गर्ने।

६) स्थानीय आवश्यकता पहिचानका आधारमा कृषि प्रसार सेवा प्रवाह गर्ने।

७) आकस्मिक वाली संरक्षाण सेवा प्रदान गर्ने र प्राविधिक सेवा प्रदानमा समन्वय गर्ने।

८) कृषि विमा र सहुलियत कृषि कर्जाका लागि सहजिकरण गर्ने ।

९) संघ तथा प्रदेशका कृषि सम्वन्धी सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसंग आवश्यकता अनुसार समन्वय गर्ने।

१०)अनुसन्धान पछि आएका नविन प्रविधि अनुशरणका लागि पालिकका कृपक समुदायमा प्रचार प्रसार गर्ने ।

११)पालिकाको योजना तर्जुमा कार्यमा कृषि शाखाका प्राविधिकहरुलाई सहयोग गर्ने।

१२)स्थानीय महत्वयका वाली वस्तुहरुको उत्पादन तथा व्यावसायिक योजना तयार गर्ने।

१३)कृषि सम्वन्धी न्यूनतम पूर्वाधारहरुको सम्भाव्यता अध्ययन गर्ने।

१४)पालिकाले तोके वमोजिमको अन्य कार्यहरु गर्ने।

डा. दीपक कुमार खराल
सचिव

अनूसुची २

**करारमा लिने कृषि स्नातक प्राविधिकको (पशु विज्ञान तर्फ) कार्यविवरण**

(दफा ६(१) सँग सम्बन्धित)

१) पशुपन्छी रोग निदान र उपचार तथा सो कार्यको रेकर्ड अध्यावधिक गर्ने।

२) पशुपन्छी स्वास्थ्य र उत्पादकत्व कायम र क्रमशः सुधार गराउने।

३) सम्वन्धित स्थानीय तहको पशुपन्छी तर्फको वार्षिक कार्यक्रम तर्जुमा कार्यान्वयन र प्रगति प्रेषण गर्ने।

४) स्थानीय तहमा रहेका पशुपन्छीको तथ्यांक अध्यावधिक गर्ने र सोको विवरण प्रदेश तथा पशु सेवा विभागमा पठाउने।

५) स्थानीय तहमा आएका पशु सेवा विभाग मार्फत सशर्त अनुदानका कार्यक्रम सञ्चालन र सहजीकरण गर्ने।

६) राष्ट्रिय पशुपन्छी रोग नियन्त्रण कार्यक्रम अन्तर्गत संघबाट प्राप्त सम्पूर्ण खोपहरू सहित खोप कार्यक्रम नियमित रूपमा संचालन गर्ने।

७) आकस्मिक रोगहरूको investigation गरी Real Time रिपोर्टिङ्ग गर्ने।

८) कृत्रिम गर्भधानको सेवा टेवा दिने तथा सो सम्वन्धी विवरण अध्यावधिक गरी प्रगति प्रेषण गर्ने।

९) Livestock, Feed sources Mapping गर्ने।

१०) Animal Identification and registration कार्यमा सहयोग तथा सहजीकरण गर्ने।

११) ईपिडेमियोलोजिकल रिपोर्ट नियमित रूपमा प्रदेशको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र संघको पशु सेवा विभाग इपिडेमियोलोजी शाखामा सम्प्रेषण गर्ने।

१२) राष्ट्रिय सूचीकृत रोगहरूको आउटब्रेक अन्वेषण, सर्भिलेन्स र नियन्त्रण गर्ने।

१३) रोग परीक्षण र निदानको लागि आवश्यक नमूना संकलन गरी प्रयोगशालामा परीक्षण गर्ने र थप परीक्षणको लागि नजिकको प्रयोगशालामा पठाउने

१४) भ्याक्सिन भण्डारणको लागि कोल्ड चेन प्रणाली सञ्चालन गर्ने र यसका लागि आवश्यक भएमा जनस्वास्थ्य क्षेत्रसँग समेत समन्वय गरी पशु स्वास्थ्य क्षेत्रमा कोल्ड चेन सिष्टम विकास गर्ने

१५) सूचीकृत रोग, सीमाविहीन रोग तथा विश्व पशु स्वास्थ्य संगठनमा तात्कालीन सूचीकृत रोगहरू फैलिएको शंका लागेमा तुरून्तै नमूना संकलन गरी निदानको लागि नजिकैको भेटेरिनरी अस्पताल वा प्रयोगशालामा पठाउने र सोको जानकारी वा रिपोर्टिङ्ग यथाशीघ्र सम्वन्धित निकाय (पशु सेवा विभाग, भेटेरिनरी इपिडेमियोलोजी शाखा) मा गर्ने।

CamScanner

१६) जनस्वास्थ्यसँग सम्बन्धित रोगहरू (नेपाल सरकारको राजपत्रमा प्रकाशित भएका प्राथमिकतामा रहेका जुनोटिक रोगहरू) को जनस्वास्थ्यसँग सम्वन्धित निकायहरूसँग समन्वय र सहकार्य गरी सर्भिलेन्स, अन्वेषण तथा नियन्त्रण गर्ने।

१७) पालिकामा रहेका पशुपन्छीपालक किसानका साथसाथै पशुपन्छी संख्या तथा दर्ता भएका पशुपन्छी फार्मको संख्या अध्यावधिक गर्ने।

१८) पालिकामा कार्यरत पशु सेवा प्राविधिकहरूको अभिलेख राख्ने र नियमित वैठक गरी सोबाट उठेका विषय प्रदेशको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा जानकारी गराउने .

१९) रोग फैलिएको समयमा रोग नियन्त्रण सम्वन्धी सूचनामूलक सामग्री तयार गरी प्रकाशन, प्रसारण तथा स्थानीयस्तरमा जानकारी गराउने

२०) पशु तथा पशुजन्य पदार्थको आन्तरिक ओसारपसारका लागि पशु स्वास्थ्य प्रमाणपत्र जारी गर्ने।

२१) पशुपन्छीजन्य महामारी एवं प्रकोप लगायतका विपद् व्यवस्थापनमा प्रदेश तथा संघसँग समन्वय र सहकार्य गर्ने।

२२) पशु सेवा विभागवाट प्राप्त भएका पशुपन्छीमा लगाइने खोपहरू नियमित रूपमा लगाउन भ्याक्सिनेटरको व्यवस्था गर्ने र नियमित खोप लगाएको सम्पूर्ण विवरण विभागमा जानकारी गराउने।

२३) पालिकामा रहेका घरपालुवा तथा सामुदायिक कुकुरको रेकर्ड राख्ने र यस्ता कुकुरलाई वन्ध्याकरण तथा रेविज खोप लगाउने कार्य सञ्चालन गर्ने

२४) कुकुरको टोकाईवाट मानिसमा हुने रेविजलाई शून्यमा झार्ने अभियानलाई सफल वनाउन स्थानीय स्तरमा रेविज नियन्त्रण कार्य सञ्चालन गर्ने

२५) छाडा छोडिएका चौपायाको व्यवस्थापनमा स्थानीय संघसंस्थासँग समेत समन्वय गरी कार्य गर्ने र पशु छाडा छोड्ने चलनलाई निरुत्साहित गर्न पशु पहिचान गर्न स्थानीय स्तरमा प्रणाली विकास गर्ने

२६) पशु कल्याण सुनिश्चितताको लागि आवश्यक कार्य गर्ने।

२७) आर्थिक दृष्टिकोणले महत्वपूर्ण रोगहरू (राष्ट्रिय रोग नियन्त्रण कार्यक्रममा समावेश गरिएका रोगहरू) को रोकथाम तथा नियन्त्रणको सन्दर्भमा खोपको व्यवस्थापन गरी नियमित रूपमा भ्याक्सिनेसन गर्ने।

डा. दीपक कुमार खराल
सचिव

CamScanner

अनुसूची ३

सेवा करार सम्वन्धी सूचना (नमूना)

(दफा ६(१) सँग सम्वन्धित)

(सूचना प्रकाशित मिति २०८०।................)

................ स्थानीय तहको लागि तपसिलको पदहरूमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले ........ दिन भित्र कार्यालय समयसम्म तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ। यसको फाराम, दरखास्त दस्तुर, कार्यविवरण, पारिश्रमिक, सेवाका शर्तहरू सहितको विस्तृत विवरण कार्यालयवाट वा वेवसाइट http://................../ बाट उपलब्ध हुनेछ।

**शैक्षिक योग्यता र अनुभवः**

| विज्ञापन नं. | सेवा करारमा लिने पद | न्यूनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|
| | पशु चिकित्सक | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थावाट पशु चिकित्सा विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको र परिषद्मा दर्ता भएको। | |
| | कृषि स्नातक | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थावाट कृषि विज्ञानमा कम्तीमा स्नातक तह उत्तीर्ण भएको। | |

**आवेदनमा संलग्न गर्नुपर्नेः** उम्मेदवारको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, परिषद दर्ता प्रमाणपत्रको प्रतिलिपि (पशु चिकित्सकको हकमा), नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ। पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयम्ले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्नेछ।

डा. दीपक कुमार खराल
सचिव

CamScanner

# अनुसूची ४

## करारको लागि आवेदन फाराम (नमूना)

(दफा ६ (२) सँग सम्वन्धित)

फोटो

(१) वैयक्तिक विवरण:

नाम थर: (देवनागरीमा)

(अंग्रेजी ठूलो अक्षरमा) लिङ्ग:

नागरिकता नं. जारी गर्ने जिल्ला: मिति

स्थायी ठेगाना क) जिल्ला ख) न.पा./गा.पा. ग) वडा नं

घ) टोल: ङ) मार्ग/घर नं. च) फो. नं./मोवाइल

पत्राचार गर्ने ठेगाना: ईमेल:

वावुको नाम, थर:

वाजेको नाम, थर:

जन्म मिति:

(वि.सं.मा) (ई.सं.)

हालको उमेर: वर्ष महिना

(२) शैक्षिक योग्यता (दरखास्त फारम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता अनिवार्य)

| क्र. सं. | शैक्षिक योग्यता/उपाधि | विश्वविद्यालय/वोर्ड | मूल विषय | श्रेणी | प्राप्ताङ्क प्रतिशत/ग्रेड |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरू सत्य छन्। दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन। कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु। उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फाराममा उल्लेखित सबै शर्त तथा नियमहरू पालना गर्न मन्जुर छु। साथै करारमा उल्लेखित शर्तहरू पूर्ण रूपमा पालना गर्नेछु।

उम्मेदवारको ल्याप्चे सहीछाप: उम्मेदवारको दस्तखत:

दायाँ वायाँ

मिति:

डा. दीपक कुमार खराल
सचिव

CamScanner

कार्यालयले भर्ने

रसिद/भौचर नं.　　　　　　　　　　रोल नं.

दरखास्त रुजु गर्नेको नाम र दस्तखतः

मितिः　दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत

दरखास्त अस्वीकृत भए सोको कारणः

मितिः

द्रष्टव्यः दरखास्त साथ सूचनामा उल्लेखित निम्नलिखित कागजातहरू अनिवार्य रूपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ।

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(२) समकक्षता आवश्यक पर्ने भए सोको प्रतिलिपि,

(३) शैक्षिक योग्यताको प्रमाणपत्र,

(४) विषयत क्षेत्रका लागि आवश्यक पर्ने व्यावसायिक प्रमाणपत्र (लाईसेन्स) को प्रतिलिपि

डा. दीपक कुमार खराल
सचिव

अनुसूची ५

<u>करार सम्झौता ढाँचा (नमूना)</u>

(दफा ७ (२) सँग सम्वन्धित)

## करार सम्झौता

सम्वन्धित स्थानीय तह (यसपछि पहिलो पक्ष भनिएको) र .......................जिल्ला, ............................नगरपालिका/गाउँपालिका, वडा नं. ..... बस्ने ................................... नाति/नातिनी.....................................छोरा/छोरी, ..................(ना.प्र.नं.........) (यसपछि दोश्रो पक्ष भनिएको) का वीच .......................................पद सेवा करारमा कामकाज गर्न गराउन मिति २०८.../......./...... को निर्णय अनुसार देहायका कार्य/शर्तको अधिनमा रही दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलव्ध गराउन मन्जुर भएकाले यो करारको संझौता गरी एक/एक प्रति आपसमा वुझी लियौं/दियौं।

१. कामकाज सम्वन्धमाः दोस्रो पक्षले आफूलाई तोकिएको कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ।

२. करारमा काम गरे वापत पाउने पारिश्रमिकः प्रत्येक महिना व्यतित भएपछि, पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा रु. ..................(अक्षेरुपी रु. ...............................................................पारिश्रमिक उपलव्ध गराउनेछ ।

३. आचरणको पालनाः दोश्रो पक्षले .................. पालिकाको प्रचलित कानूनमा व्यवस्था भएका आचरण तथा अनुशासन सम्वन्धी व्यवस्थाहरू पालना गर्नु पर्नेछ।

४. विदाः दोस्रो पक्षलाई ..................पालिकाको नियमानुसार विदा उपलव्ध गराईने छ।

५. कार्यालय सम्पत्तिको सुरक्षाः दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सोको क्षतिपूर्ति वा हानी नोक्सानीको विगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

६. गोप्यताः दोस्रो पक्षले ..................पालिकाको कागजपत्र, जिन्सी सामान लगायत पालिकाका इलोक्ट्रोनिक सामग्री तथा गोप्य सूचना कुनै अनाधिकृत व्यक्ति वा निकायलाई उपलव्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारवाट हटाई सोवाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षवाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ।

७. करार अवधिः यो करार २०८... ।........।.......देखि लागु भई २०८......... सम्मको लागि हुनेछ।

८. दावी नपुग्नेः दोश्रो पक्षले यस करार वमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनका लागि दावी गर्न पाउने छैन/गर्ने छैन।

९). प्रचलित कानून लागू हुनेः यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून वमोजिम हुनेछ।

कुमार खराल

CamScanner

स्थानीय तहको तर्फबाटः

हस्ताक्षरः

नामः

पदः

कार्यालयको छापः

साक्षीः

डा. [illegible] खराल
सचिव

दोस्रो पक्ष (करार गर्ने व्यक्ति)

हस्ताक्षरः

नामः

ठेगानाः

अनुसुची ६

**मासिक कार्य प्रगति प्रतिवेदन ढाँचा (नमुना)**

(दफा १०(२) सँग सम्बन्धीत)

अवधि: ........... महिना

स्थानीय तह:

जिल्ला:

१. वार्षिक कार्ययोजना अनुसारको मासिक कार्ययोजना र प्रतिफल

| क.सं. | क्रियाकलाप | एकाई | वार्षिक लक्ष्य | प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | महिना ..... | हालसम्मको | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

२. उल्लेखित कृयाकलापहरुवाट प्राप्त प्रतिफल:

कृयाकलाप १ को प्रतिफल

.................................

कृयाकलाप २ को प्रतिफल

.................................

प्राविधिकको नाम:

डा. दीपक कुमार खराल
सचिव

दस्तखत:

सिरोप पुन
(उपसचिव)